# आर्थिक वर्ष २०७५/०७६ को
# बजेट वक्तव्य

## जानकी गाउँ पालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## दुर्गौली, कार्यालय
## ७ नं. प्रदेश, नेपाल

# जनकी गाउँपालिकाको गाउँ सभामा २०७५ अषाढ २५ गते सोमवार उपाध्यक्ष श्री उमा महतो ज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्य

जानकी गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कार्यालय

**आदरणीय अध्यक्ष ज्यू,**
**गाउँ सभाका सम्पूर्ण सदस्य ज्यू हरु**

म यस सम्मानित गाउँ सभामा २०७५ असाढ १० गतेका दिन पेश गरेको नीति तथा कार्यक्रमहरु कार्यान्वयनकालागि विनियोजिन र श्रोत व्यवस्थापनको लागि अनुमान पेश गरेको छु ।

आर्थिक वर्ष २०७५/०७६ का लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न **४५ करोड ९१ लख ३४ हजार** विनियोजित गरिएको छ । उक्त रकम तपसील बमोजिमका श्रोतहरुबाट आपूर्ती गरिनेछ ।

संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण बाछ १३ करोड ४४ लाख र राजस्व बाँडफाँडबाट प्राप्त हुने ८ करोड ७७ लाख १५ हजार, संघबाट प्राप्ह हुने शशर्त अनुदान तर्फ १४ करोड ५२ लाख र सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु ७ करोड को आय अनुमान गरिएको छ ।

यसै गरि प्रदेश सरकार बाट प्राप्त हुने वित्तिय समानीकरण तर्फ ७५ लाख ८६ हजार र राजस्व बाँडफाँड तर्फ ३५ लाख ३३ हजार रहेको छ । यसै गरि आन्तरिक आय तर्फ रु १ करोड ७ लाख आय अनुमान गरिएको छ ।

यसरी संघ, प्रदेश र आन्तरिक आय गरि जम्मा ४५ करोड ९१ लख ३४ हजार को  आय अनुमान गरिएको छ ।

**आदरणयि अध्यक्ष ज्यू,**
**आदरणीय गाउँ सभाका सम्पूर्ण सदस्य ज्यू हरु,**

अब म व्यय तर्फको अनुमान पेश गर्ने अनुमति चाहन्छु ।

वडा कार्यालय तर्फ ६ करोड ३४ लाख ९८ हजार विनियोजित गरिएको छ । जसमध्ये **पूर्वाधार विकास तर्फ** तर्फ (५० प्रतिशत) हुने ३ करोड १७ लाख ४९ हजार विनियोजित गरिएको छ । यसै गरि **सामाजिक विकास तर्फ** (२० प्रतिशत) हुने १ करोड २६ लाख ६९ हजार ६ सय विनियोजित गरिएको छ । यसै गरि **आर्थिक विकास तर्फ** (१५ प्रतिशत) हुने ९५ लाख २४ हजार ७ सय विनियोजित गरिएको छ । यसै गरि **वातावरण तथा विपद व्यवस्थापन तर्फ (**५ प्रतिशत) हुने रकम  ३१ लख ७४ हजार ९ सय विनियोजित गरिएको छ । **सुशासन तथा संस्थागत विकास तर्फ (**१० प्रतिशत) हुने रकम ६३ लाख ४९ हजार ८०० विनियोजित गरिएको छ ।

**आदरणयि अध्यक्ष ज्यू,**
**आदरणीय गाउँ सभाका सम्पूर्ण सदस्य ज्यू हरु,**

यसै गरि क्रमागत योजनाहरुमा सडक स्तरोन्तीतर्फ ३ करोड विनियोजित गरिएको छ र कवर्डहल तर्फ रु २ करोड १० लाख विनियोजित गरिएको छ ।

आर्थिक वर्ष २०७५।०७६ तर्फ कार्यान्वय हुने आयोजनहरुमा जग्गा खरिद तर्फ रु १ करोड विनियोजित गरिएको छ । कार्यालय भवन बनाउन रु १ करोड विनियोजित गरिएको छ र वडा कार्यालय नभएका

वडाहरु (वडा नं. ३, वडा नं. ५, वडा नं. ६, वडा नं. ७ र वडा नं. ९) प्रति वडा रु ३० लाखका दरले रु १ करोड ५० लाख विनियोजित गरिएको छ । समपूरक कोष तर्फ रु ७५ लाख विनियोजित गरिएके छ । सौर्य सडक वत्तीका लागि रु ५० लाख विनियोजित गरिएको छ । गाउँ पालिकाको प्रोफाईल निर्माणका लागि रु २५ लाख विनियोजित गरिएको छ । यसै गरि आन्तरिक राजस्व सम्भाव्यता अध्ययनका लागि रु ५ लाख विनियोजित गरिएको छ । यसै गरि नगर प्रहरी व्यवस्थापन तर्फ १५ लाख विनियोजित गरिएको छ । यसै गरि कर्मचारी तथा जनप्रनिधि क्षमता अभिवृद्धि तालिम तथा अवलोकन भ्रमणका लागि रु १० लाख विनियोजित गरिएको छ । सार्वजनिक सुनुवाई कार्यका लागि रु २ लाख विनियोजित गरिएको छ । कार्यालय फर्निचर तथा फिक्सर तर्फ रु १० लाख, कार्यालय उपकरण तर्फ रु १५ लाख, सवारी साधन ( मोटरसाईकिल) खरिद तर्फ रु २५ लाख, न्यायिक समितिका विभिन्न कार्यक्रमहरु का लागि रु ५ लाख विनियोजित गरिएको छ । न्यायकि समितिको ईजलास निर्माणका लागि रु २० लाख विनियोजित गरिएको छ । ह्युम पाईप खरिद तर्फ रु २५ लाख विनियोजित गरिएको छ ।  ४ वट वडा कार्यालयको मर्मत सम्भारका लागि रु ७ लाख विनियोजित गरिएको छ । यसै गरि गाउँ पालिकाले कार्यपालिकाको भवन निर्माणका लागि जग्गा खरि कार्यका लागि श्रोत संकलन गर्न महायज्ञ आयोजना गर्न रु ५ लाख विनियोजित गरिएको छ । प्राविधिक शिक्षा भवन निर्माणका लागि वडा नं. ६ मा निर्माण गरिने गरि रु २८ लाख ३६ हजार विनियोजित गरिएको छ ।

आर्थिक वर्ष २०७५/०७६ का लागि सामाजिक सुरक्षा कार्यक्रम तर्फका लागि रु ७ करोड विनियोजित गरिएको छ ।

गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालय सञ्चालन का लागि को बजेट रु ६ करोड विनियोजित गरिएको छ ।

**आदरणयि अध्यक्ष ज्यू,**
**आदरणीय गाउँ सभाका सम्पूर्ण सदस्य ज्यू हरु,**

अव म आर्थिक वर्ष २०७४।०७५ को मोज्जाद (अल्या) रकमको विनियोजन पेश गर्ने अनुमति चाहन्छु ।

- आन्तरिक आयको सम्पूर्ण मौज्जादतर्फको रकम हलुका सवारी साधन (हार्ड टप जीप) खरिदतर्फ विनियोजित गरिएको छ ।
- वित्तिय समानीकरण तर्फको सम्पूर्ण मौज्जाद रकमलाई तपसील बमोजिम विनियोजित गरिएको छ ।
    - महिला तथा वालवालिका विभिन्न कार्यक्रमहरु तर्फ रु ३० लाख
    - स्वास्थ्य सम्बन्धी कार्यक्रम रु ५० लाख
    - शिक्षा तर्फ रु ५० लाख
    - पशु तर्फ रु ३० लाख
    - कृषितर्फ रु ५० लाख
    - लक्षित समूहतर्फ (महिला, आदिवासी जनजाती, दलित, अपाङ्गता भएका व्यीक्त्ति, जेष्ठ नागरिक, अल्प संख्यक र अन्य) तर्फ रु ३५ लाख

- खेलकुद कार्यक्रमका लागि रु १२ लाख)
- युवा स्वरोजगार कार्यक्रमका लागि रु १५ लाख
- लायकपुर-सुवर्णपुर-भगरैया ८ हुँदै अमरावती फायर लाईन जोड्ने सडक स्तरोन्ती रु २ करोड
- जानकी-५, अमौराचौक देखि वडा नं. ८ जादुपुल जोड्ने सम्म सडक कालोपत्रे रु ५० लाख)
- कञ्चनपुर देखि वढरैया वडा नं. २ जोड्ने बाटो रु १ करोड
- गोलौरी कालोपत्रे सडक देखि टिकापुर न.पा.३ जोड्ने बाटो र सहिदगेट देखि दुर्गौलीचौक सडक कालोपत्रे रु ५० लाख
- रोलर खरिद तर्फ ५०,००,०००।००
- एम्बुलेन्स खरिद तर्फ १५,००,०००।००

**आदरणयि अध्यक्ष ज्यू,**
**आदरणीय गाउँ सभाका सम्पूर्ण सदस्य ज्यू हरु,**

म अब अप्रदेश सरकार र जानकी गाउँ पालिकाको समपूरक कोषबाट सञ्चालन गरिने आयोनाहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. वडा नं. ८ पहाडीपुर हुँदै वडा नं. ९ को फायरलाईन जोड्ने सडक
२. वडा नं. ९ भगत चौराहबाट वडा नं. १ तोरियापुर जोड्ने सडक
३. वडा नं. ९ को भगत चौराह बाट जातीय संग्राहलय जाने बाटो
४. वडा नं. ४ को वडा कार्यालय देखि गोलौरी सम्म सडक
५. वडा नं. १ देखि ५ हुँदै वडा नं. २ प्रागीपुर सडक

अन्त्यमा

**आदरणयि अध्यक्ष ज्यू,**
**आदरणीय गाउँ सभाका सम्पूर्ण सदस्य ज्यू हरु,**

**धैर्य पूर्वक सुनिदिनु भएकोमा धन्यवाद अर्पण गर्दै प्रस्तुत कार्यक्रम र बजेट पारित गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु ॥**

**(धन्यवाद**